# जलेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### जलेश्वर महोत्तरी प्रदेश नं. २, नेपाल

कार्यलय :०४४-५२००८७
फैक्स : ०४४-५२०१४३
वारुणयन्त्र : ०४४५२००९७


पत्र संख्या :- २०७७/०७८
चलानी नम्बर :-

मिति :- २०७७/०४/३२

**विषय :-** कागजात प्रमाणिकरण सम्बन्धमा ।

श्री वडा कार्यालय (सबै)
जलेश्वर नगरपालिका ।

प्रस्तुत विषयमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ३० मिति २०७७/०४/३० गतेको तथा कन्सुलर सेवा विभागको च.नं. CSCADM७७२६०४११ मिति २०७७/०४/२६ गतेको कागजात प्रमाणिकरण सम्बन्धी प्राप्त पत्र अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ मा वडा समितिको काम, कर्तव्य र अधिकारको उपदफा २ को ङ (३२) अनुसार "आर्थिक अवस्था कमजोर वा सम्पन्न रहेको सम्बन्धी सिफारिस गर्ने" व्यवस्था रहेकोमा वडा कार्यालयवाट कुनै व्यक्तिको कुनै किसिमको आम्दानी नभएको र निजको नाममा नेपाल भरी कुनै चल अचल सम्पत्ति नरहेको. कुनै व्यक्तिको नाममा अस्वभाविक धेरै सम्पत्ति वा आय आर्जन रहेको जस्ता ब्यहोरासहितको सिफारिसहरु गर्दा नेपाल सरकारको नीति, देशको प्रतिष्ठा र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा भएका व्यवस्था अनुसार भए/नभएको एकीन गरी मात्र सिफारिस गर्नुहुन अनुरोध छ । साथै सो सम्बन्धी प्राप्त पत्रहरु यसै साथ संलग्न छ तथा विस्तृत व्यहोरा पत्रबाट अवगत गरी निर्देशन बमोजिम उक्त सिफारिसहरु गर्नु हुन अनुरोध छ ।

प्रमुख प्रशासकीय अधिकृत
(रामुराज कडरीया)
प्रमुख प्रशासकिय अधिकृत

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४
मिति : २०७७।०४/३०

पत्र संख्या:२०७७/७८
चलानी नं. : ३०

विषयः कागजात प्रमाणिकरण सम्बन्धमा ।

श्री स्थानीय तह (सबै)

प्रस्तुत विषयमा कन्सुलर सेवा विभागको च.नं. CSCADM७७२६०४११ मिति २०७७/०४/२६ को कागजात प्रमाणिकरण सम्बन्धी पत्र संलग्न छ । विस्तृत व्यहोरा पत्रबाट अवगत गरी स्थानीय सरकार संचालन ऐन, २०७४ मा उल्लेखित विवरण सिफारिस गर्दा पत्रमा उल्लेख भए बमोजिमको व्यहोरा खुलाई कन्सुलर सेवा विभागमा पठाउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

४।३०
चिरन्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थः
श्री कन्सुलर सेवा विभाग,काठमाडौं ।
श्री सूचना तथा प्रविधि शाखाः website मा upload गरिदिनु हुन ।

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
# कन्सुलर सेवा विभाग

प्रशासन शाखा

प.सं.: कन/४/२०७७/७८ मिति:२०७७/०४/२६

च.नं. CSCADM७७२६०४११

(अत्यन्त जरुरी)

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

सिंहदरबार ।

विषय: कागजात प्रमाणीकरण सम्वन्धमा ।

उपर्युक्त सम्बन्धमा गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाको वडाको स्थानीय पन्जिकाधिकारीबाट जारी भई सम्वन्धित गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका /महानगरपालिकाको कार्यकारी अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीबाट प्रमाणित भई आएका जन्मदर्ताको प्रमाणपत्र, विवाहदर्ताको प्रमाणपत्र, अविवाहित प्रमाणपत्र, मृत्यु दर्ताको प्रमाणपत्र लगायत अन्य कागजातहरु विदेशमा प्रयोग हुने प्रयोजनका लागि यस विभागबाट कन्सुलर प्रमाणीकरण (Consular Attestation) भइरहेको ब्यहोरा अवगतै छ । स्थानीय निकायका केही वडा कार्यालयहरुबाट कुनै व्यक्तिको कुनै किसिमको आम्दानी नभएको र निजको नाममा नेपाल भरी कुनै चल अचल सम्पत्ति नरहेको, कुनै व्यक्तिको नाममा अस्वभाविक धेरै सम्पत्ति वा आय आर्जन रहेको जस्ता ब्यहोरासहितको सिफारिसहरु यस विभागमा प्रमाणीरकणका लागि आउने गरेका छन् । उल्लेखित ब्यहोरासहितको प्राप्त तानसेन नगरपालिकाको वडा नं ६ को च.नं. ५१ मिति २०७७/०४/१५ को र भरतपुर महानगरपालिकाको च.नं. ६६ मिति २०७७/०४/११ को पत्रहरु यसैसाथ संलग्न छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ मा वडा समितिको काम, कर्तव्य र अधिकारको उपदफा २ को ङ (३२) अनुसार "आर्थिक अवस्था कमजोर वा सम्पन्न रहेको सम्बन्धी सिफारिस गर्ने" व्यवस्था रहेकोमा उक्त सिफारिसहरुका सम्वन्धमा देहायबमोजिमका कुरा खुलाई पठाइदिने व्यवस्था हुन अनुरोध छ:

१. कुनै एक वडा कार्यालयले कुनै व्यक्तिको नेपाल भरी चल अचल सम्पत्ति रहेको/नरहेको ब्यहोरा सिफारिस गर्न मिल्ने/नमिल्ने ।
२. स्वभाविक/अस्वभाविक आम्दानी उल्लेख गरिएकोमा आयकर तिरेको निस्सा/प्रमाण संलग्न गर्नु पर्ने/नपर्ने ।

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
कन्सुलर सेवा विभाग
काठमाण्डौं

यसरी नेपाल भरी कुनै चल अचल सम्पत्ति नभएको, नेपालमा कसैले पालन पोषण हेरचार नगरेको जस्ता सिफारिसहरु विशेष गरी विदेशमा शरणार्थी बन्नका लागि निवेदन दिन, स्थायी बसोबासको लागि प्रमाणपत्र लिन समेत माग हुने गरेको वुझिनआएकोले यस्ता सिफारिसहरु गर्दा नेपाल सरकारको नीति, देशको प्रतिष्ठा र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएका व्यवस्थाअनुसार भए/नभएको एकीन गरी मात्र सिफारिस गर्नुपर्ने देखिएको ब्यहोरा निर्देशानुसार अनुरोध छ ।

साथै, यस विभागको च.नं.CSCADM७६२००९४ मिति २०७६/०९/२० को पत्रबाट तहाँ मन्त्रालयलाई अनुरोध गरिएको ब्यहोरामा सम्बन्धित निकायको पुनः ध्यानाकर्षण गराउने व्यवस्था हुन समते अनुरोध छ ।

(सुजनी राना)
कन्सुलर अधिकृत